नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार विभाग
**इ.पि.एस. कोरिया शाखाको**

# EPS अन्तर्गत गणतन्त्र कोरियामा रोजगारमा गएका व्यक्ति तथा आफन्तहरूमा अनुरोध

नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालय र गणतन्त्र कोरिया सरकार बीच सन् २००७ मा सम्पन्न समझदारी पत्र (MoU) अनुरूप रोजगार अनुमति प्रणाली (EPS) अन्तर्गत गणतन्त्र कोरियामा हालसम्म २१००० भन्दा बढी नेपाली युवाहरूले रोजगारीको अवसर प्राप्त गरेको, नेपालमा इ.पि.एस. कार्यालयले छिटो छरितो रूपमा सम्पूर्ण प्रकृया पूरा गरी कामदारहरू पठाउन सफल भएको एवं इ.पि.एस अन्तर्गत गणतन्त्र कोरियामा कार्यरत नेपाली कामदारहरूले समेत अनुशासित, इमान्दार एवं प्रतिवद्ध भई आ-आफूलाई तोकिएको कार्य सम्पादन गरेको कारण नेपाल विभिन्न १५ देश मध्ये प्रथम स्थान हासिल गर्न समेत सफल भएको छ । यसबाट भविष्यमा नेपालले थप रोजगार कोटा प्राप्त गर्ने सम्भावना छ ।

इ.पि.एस. अन्तर्गत ४ बर्ष १० महिना सम्म गणतन्त्र कोरियामा रोजगार अवसर प्राप्त हुने गरेको छ । साथै इमान्दार, लगनशील कामदारहरूलाई पुनः सजिलै गणतन्त्र कोरिया प्रवेश गराउने नीति कोरिया सरकारको रहेको छ । यसको लागि श्रम करार अवधि पूरा भै फर्केका पूर्व कामदारहरूलाई कम्प्यूटरमा आधारित परीक्षा (CBT) लिई पुनः रोजगारीका लागी गणतन्त्र कोरिया पठाउने व्यवस्था गरेको छ । साथै कम्पनी परिवर्तन नगरी एउटै कम्पनीमा कार्यरत कामदारहरूलाई करार अवधि सकिनु अघिनै अर्को थप अवधि ४ बर्ष १० महिना सम्मको रोजगार सम्झौता गरी Committed Workers (प्रतिवद्ध कामदार)का रूपमा सोही कम्पनीमा काम गर्न पाईने व्यवस्था समेत गरिएको छ ।

विगतमा रोजगार अवधि समाप्ति पश्चात गैह्र कानुनी रूपमा लुकिछिपि बस्ने विदेशी कामदारहरूलाई गणतन्त्र कोरिया सरकारले पक्राउ गरी कानुनी कारवाही गरी स्वदेश फिर्ता गर्ने गरेको साथै त्यस्तो देशका कुनै पनि कामदारलाई गणतन्त्र कोरिया सरकारले रोजगारी अवसर नदिने जस्तो नीति लिएको समेत पाईन्छ । साथै यही सन् २०१४ को फेब्रुवरी महिना देखि  फिर्ता प्रत्याभूति बीमा (Departure Guarantee Insurance) वापत कामदारले पाउने रकम लगायतका केही बीमा सुबिधा समेत कानुन बमोजिम Alien Registration Card अध्यागमनमा बुझाई स्वदेश फर्केका कामदारहरूको वैंक खाता मार्फत मात्र भुक्तानी दिने व्यवस्था गरेको छ ।

साथै नेपाल सरकारले समेत विदेशमा गएर फर्केका कामदारले आर्जन गरेको पूँजी, सीप र अनुभवलाई स्वदेशमै सदुपयोग गर्न सहुलियत ऋण, सीप विकास तालिम  तथा व्यावसाय प्रवर्द्धन गर्न सघाउ पुऱ्याउने जस्ता विविध नीति अवलम्बन गरेको छ । विगतमा गणतन्त्र कोरियामा रोजगार गरी स्वदेश फर्केर विभिन्न पेशा, व्यवसाय गरी आय आर्जन एवं प्रतिष्ठा आर्जन गरी आफ्ना परिवारका साथ सम्मानपूर्वक जीवन यापन  गरी बसेका विभिन्न उदाहरणहरू हाम्रा सामु थुप्रै छन् ।

रोजगार सम्झौता पत्रमा उल्लेखित प्रावधानहरू अक्षरसः पालना  गर्ने सर्त सहित स्वीकार गरेको प्रावधानलाई पूर्णतया पालना गर्नु प्रत्येक EPS कामदारको प्राथमिक कर्तव्य हो भन्ने तर्फ हामी सचेत रहनै पर्छ । श्रम करार बमोजिम तोकिएको अवधि समाप्ति संगै स्वदेश फर्कने कामदारहरूलाई पुनः गणतन्त्र कोरियामा रोजगार अवसर प्राप्त हुन सक्ने, स्वदेश भित्र सरकारी सुविधा प्राप्त हुन सक्ने, आफ्ना परिवारसाथ सुखी एवं सम्मानजनक जीवनयापन गर्ने जस्ता विभिन्न अवसर रहने स्पष्ट छ । श्रम सम्झौता पत्र विपरीत लुकिछिपि गैह्र कानुनी रूपले बसेमा कानुन वमोजिम कारवाहीको भागीदार हुने, सामाजिक प्रतिष्ठा एवं आर्थिक क्षति हुन सक्ने, यस्ता गैह्र कानुनी कामदारहरू विभिन्न शोषण एवं समस्यामा पर्न सक्नुका साथै उनीहरुको उद्धार एवं कानूनी उपचारमा कठिनाई हुने  र आकर्षक रोजगार गन्तव्य गणतन्त्र कोरियामा भावी दिनमा नेपाली कामदारहरूको अवसर न्युन वा समाप्त समेत हुन सक्ने हुँदा इ.पि.एस अन्तर्गत गणतन्त्र कोरियामा कार्यरत कामदारले कसैको बहकाउ वा प्रलोभनमा परी गैह्र कानुनी रूपमा नबस्न तथा उहाँका शुभचिन्तक आफन्त समेतले कोरियामा कार्यरत कामदारहरूलाई गैह्र कानुनी बसाई नगर्न नगराउन उत्प्रेरित गरी आवश्यक सहयोग गरी दिनु हुन इ.पि.एस कार्यालय हार्दिक अनुरोध गर्दछ ।